# स्थानिय विनियोजन ऐन

## आर्थिक वर्ष २०७५।७६

कालिगण्डकी गाउँपालिका

विर्घा , स्याङ्जा

स्वीकृत मिति : २०७५।०३।१८

**कालिगण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५।०३।१८

**<u>प्रस्तावनाः</u>** कालिगण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कालिगण्डकी गाउँसभाले यो ऐन बनाएको छ ।

१.**<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम " स्थानिय विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**<u>आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँ, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३२,३२,३९,४३६ (अक्षेरुपी ३२ करोड ३२ लाख ३९ हजार ४ सय ३६ रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **<u>विनियोजनः</u>** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७५ को निमित्त.गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. आर्थीक वर्ष २०७४।०७५ को विनियोजन ऐन खारेज भएको छ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | *गाउँकार्यपालिका,वडा समिति, बिषयगत शाखा* | | १९,५३,९१,९६७- | १२,७८,४७,४६९।- | ३२,३२,३९,४३६।- |

| अनुसुचि २<br>**आर्थिक वर्ष २०७५/७६ को आय विवरण** | | | | | |
|---|---|---|---|---|---|
| सि. नं | आय विवरण | जेष्ठ मसान्त सम्मको आय | असार मसान्त सम्मको संसोधित अनुमानित आय | आ.व.०७५/७६ को प्रस्तावित आय (वास, LGCDP र सामाजिक सुरक्षा बाहेक | कैफियत |
| | कुल आय | ३३१६०५६४०।०० | ३३२४८७४५७०० | ३२३२३९४३६ | |
| | कुल आन्तरिक आय | ९५४५६४०।०० | १०४२७४५७०० | २७५००००० | |
| | गत आ.व.को अल्या | ६०३७४५७ | ६०३७४५७ | १७५००००० | |
| | आन्तरिक स्रोत तर्फ | ३५०८१८३ | ४३९०००० | १०००००००० | |
| | १) कर,दस्तुर,शुल्क | १४२२५५७ | १८००००० | ३५००००० | |
| | २) मालपोत | ३११५१४ | ४००००० | ५००००० | |
| | ३) अन्य | ९०००० | ४००००० | २०००००० | |
| | ४) ढुङ्गा,गिटि | १६८४११२ | १७९०००० | २५००००० | |
| | ५) राजश्व बाडफाड | | | | |
| | ६) एकीकृत सम्पत्ति कर | | | १५००००० | |
| | ***वहय स्रोत*** | *३२२०६००००।००* | ३२२०६००००।० | २९५७३९४३६ | |
| | १) वित्तिय समानीकरण | १३७०८४०००।०० | १३७०८४०००।०० | १४७५३९४३६ | |
| | संधीय अनुदान | | | ८०९००००० | |
| | प्रदेश अनुदान | | | ११४१६००० | |
| | संधीय राजश्व बाडफाड | | | ५३०६२००० | |
| | प्रदेश राजश्व बाडफाड | | | २१६१४३६ | |
| | २) ससर्त अनुदान | १२४८१९०००।० | १२४८१९०००।० | १४८२००००० | |
| | ३) एल.जि.सि.डि.पी | १४७९०००।० | १४७९०००।० | | |
| | ४) सामाजिक सुरक्षा | ४९८८४०००।० | ४९८८४०००।० | | |
| | ५) वास | ८७९४०००।० | ८७९४०००।० | | |

## अनुसूची ३

## आर्थिक वर्ष २०७४/७५ को जेष्ठ महिनासम्मको यथार्थ व्यय, असारसम्म संसोधित तथा आगामी आ.व.०७५/७६ को प्रस्तावित व्यय विवरण

| आर्थिक वर्ष २०७४/७५ को जेष्ठ महिनासम्मको यथार्थ व्यय, असारसम्म संसोधित तथा आगामी आ.व.०७५/७६ को प्रस्तावित व्यय विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | आय विवरण | चालु आ.व.को विनियोजन | जेष्ठ मसान्त सम्म यथार्थ खर्च | असार मसान्त सम्म अनुमानित खर्च | आ.व.०७५/७६ को लागि प्रश्तावित खर्च |
| १ | वित्तिय समानीकरण | १३७०८४००० | ६३९४५०७२।८ | ९३९४५०७२।८ | १४७५३९४३६ |
| | क) चालु | | १२७५१२८९।८ | २७७५१२८९।८ | ३८५४१९६७ |
| | ख) पुजिगत | | ५११९३७८३ | ६६१९३७८३ | १०८९९७४६९ |
| २ | आन्तरिक | १५७२४७५० | ० | ० | २७५००००० |
| | क) चालु | | ० | ० | ८६५०००० |
| | ख) पुजिगत | | ० | ० | १८८५०००० |
| ३ | शसर्त अनदान | १२४८१९००० | ११९८४३५७४।४ | ११९८४३५७४।४ | १४८२००००० |
| ३ | वास | ८७९४००० | ७६६७१०३ | १०५५१५३० | ० |
| | क) चालु | | १७६२३५० | २३०३८२८ | ० |
| | ख) पुजिगत | | ५९०४७५३ | ८२४७७०२ | ० |
| ४ | एल.जि.सि.डि.पी | १४७९००० | १०७३०९२।०० | १४५००००।०० | ० |
| | क) चालु | | ६५०८३२ | ८५०००० | ० |
| | ख) पुजिगत | | ४२२२६०।०० | ६००००० | ०।० |
| ५ | सामाजिक शरक्षा | ४९८८४००० | ३०३४१४००।०० | ४९८८४००० | ० |
| | कुल जम्मा खर्च | ३३७७८४७५० | २२२८७०२४२।२ | २७५६७४१७७।२ | ३२३२३९४३६।० |

# अनुसूचि ४

| आ.व.२०७५/०७६ को लागि आवश्यक पर्ने चालु खर्चको अनुमानित बजेट | | | | |
|---|---|---|---|---|
| खर्च संकेत नं | खर्च शिर्षक | स्रोत | | |
| | | वित्तिय समानीकरण | आन्तरिक | जम्मा रु. |
| २१११११ | कर्मचारी तलव | १४१५१९६७०० | ०।०० | १४१५१९६७०० |
| २१११११ | पदाधिकारी पारिश्रमिक | ०।०० | ५०००००००।०० | ५०००००००।०० |
| २१११३ | महगी भत्ता | ६०००००।०० | ०।०० | ६०००००।०० |
| २११२१ | पोशाक | ३०००००।०० | ०।०० | ३०००००।०० |
| २११३९ | अन्य भत्ता | ४००००००।०० | ५०००००।०० | ४५०००००।०० |
| २२१११ | पानी तथा विजुली | ३५००००।०० | ०।०० | ३५००००।०० |
| २२११२ | संचार | ९०००००।०० | ०।०० | ९०००००।०० |
| २२१२१ | अन्य भाडा | ५०००००।०० | ०।०० | ५०००००।०० |
| २२२१२ | इनधन | ११०००००।०० | १२०००००।०० | २३०००००।०० |
| २२२१४ | विमा | २०००००।०० | ०।०० | २०००००।०० |
| २२२३१ | निर्मित सार्वजानिक संम्पतीको मर्मत | १००००००।०० | ०।०० | १००००००।०० |
| २२३११ | कार्यलय संचालन सम्वन्धि खर्च | ३५०००००।०० | ५०००००।०० | ४००००००।०० |
| २२३१४ | इनधन अन्य प्रयोजन | ३५००००।०० | ०।०० | ३५००००।०० |
| २२२१२ | संचालन तथा मर्मत संभार | १३०००००।०० | २०००००।०० | १५०००००।०० |
| २२४११ | परामर्श सेवा | २५०००००।०० | ०।०० | २५०००००।०० |
| २२४१२ | अन्य सेवा शुल्क | १२१५०००।०० | ७५००००।०० | १९६५०००।०० |
| २२५११ | कर्मचारी तालिम | ४०००००।०० | ०।०० | ४०००००।०० |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम | ८०००००।०० | ०।०० | ८०००००।०० |
| २२५२२ | कार्यक्रम खर्च | १३०००००।०० | ०।०० | १३०००००।०० |
| २२६११ | अनुगमन तथा मुल्यांकन खर्च | ६०००००।०० | ०।०० | ६०००००।०० |
| २२६१२ | भ्रमण खर्च | १२०००००।०० | ०।०० | १२०००००।०० |
| २२७११ | विविध खर्च | १२०००००।०० | ५०००००।०० | १७०००००।०० |
| २२७२१ | सभा संचालन खर्च | ३०००००।०० | ०।०० | ३०००००।०० |
| २८१४२ | घर भाडा | ७७५०००।०० | ०।०० | ७७५०००।०० |
| | जम्मा (क) | ३८५४१९६७०० | ८६५००००।०० | ४७१९१९६७०० |
| | शसर्त अनुदान (ख) | १४८२००००००।०० | ०।०० | १४८२००००००।०० |
| | जम्मा (क+ख) | १८६७४१९६७०० | ८६५००००।०० | १९५३९१९६७०० |

| आ.व.२०७५/०७६ को लागि आवश्यक पर्ने पुजिगत खर्चको अनुमानित बजेट | | | | |
|---|---|---|---|---|
| खर्च संकेत नं | खर्च शिर्षक | स्रोत | | |
| | | वित्तिय समानीकरण | आन्तरिक | जम्मा रु. |
| | जग्गा खरिद | ११५००००० | ० | ११५००००० |
| ३१११२ | भवन निर्माण | १००००००००।०० | ०।०० | १०००००००० |

| | | | | |
|---|---|---|---|---|
| ३११२२ | मेसिनरी औजार | १५०००००।०० | ३०००००।०० | १८००००० |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | १००००००।०० | ५०००००।०० | १५००००० |
| २२११२ | पुजिगत अनुसन्धान तथा परामर्श | ३००००००।०० | ०।०० | ३०००००० |
| २२१२१ | समपुरक कोष | १२९८२४६९।०० | ०।०० | १२९८२४६९ |
| २२१२१ | विपत व्यवस्थापन कोष | १५०००००।०० | १५०००००।०० | ३०००००० |
| २९६११ | सार्वजानिक निर्माण | ६४४९७४६९।०० | १६०५००००।०० | ८०५४७४६९ |
| ३११२१ | सवारी साधन | २५०००००।०० | ५०००००।०० | ३०००००० |
| | जम्मा(ग) | १०८९९७४६९।०० | १८८५००००।०० | १२७८४७४६९।०० |
| | कुल जम्मा (क+ख+ग) | ३२३२३९४३६।०० | | |